मोफसलमा सर्वाधिक बिक्री हुने
नेपाल सरकारद्वारा निरन्तर राष्ट्रियस्तरको 'क' वर्गमा सूचीकृत

**ग्राहक महानुभावमा अनुरोध**
- यहाँहरुको घरमा नियमित पत्रिका नआएमा
- समयमै पत्रिका प्राप्त नभएमा
- ग्राहक बन्नु परेमा
- विज्ञापन दिनु परेमा

मेचीकाली सन्देश राष्ट्रिय दैनिक
बुटवल-९, मिलनचोक, रुपन्देही
फोनः ०७१-५३६००५

राष्ट्रिय दैनिक
# मेचीकाली सन्देश
Mechikali Sandesh National Daily

**मुटुरोग लगायतका स्वास्थ्य समस्याबाट बच्नः**
- चिल्लो तथा बोसोयुक्त खानेकुरा कम खाऔं
- नियमित रुपमा शारीरिक व्यायाम गरौं
- मोटोपन, कोलेस्ट्रोल, उच्च रक्तचाप, मधुमेहजस्ता समस्या भएका व्यक्तिले नियमित स्वास्थ्य परीक्षण गरौं
- धुम्रपान र मद्यपान नगरौं

नेपाल सरकार
विज्ञापन बोर्ड

वर्ष-२४ | अंक-२९३ | २०८१ असोज २० गते आइतबार | 6 Oct.- 2024 Sunday | पृष्ठ ४ | मूल्य रू. ६।-

# लगानीमैत्री वातावरण बनाउन सरकार जिम्मेवारः मुख्यमन्त्री




बुटवल, असोज १९ (मेसस) । लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनाराण आचार्यले स्वदेशमा लगानीमैत्री वातावरण निर्माण गर्ने जिम्मेवारी सरकारले लिने बताएका छन् । रुपन्देही उद्योग संघको ४६ औं वार्षिक साधारणसभाको शनिबार बुटवलमा उद्घाटन गर्दै मुख्यमन्त्री आचार्यले लगानीमैत्री वातावरण बनाउन तीन तहकै सरकार प्रतिबद्ध भएर लाग्ने बताए । प्रदेश सरकारले अगाडि बढाएका औद्योगिक क्षेत्रको विकासको लागि योजनाबद्ध काम हुनेसमेत स्पष्ट पारे । लुम्बिनी प्रदेश सरकारले तराईका केही जिल्लाहरुमा औद्योगिक क्षेत्र बनाउनेगरी निर्णय गरेको थियो । सो निर्णयहरुको कार्यान्वयन गर्नेगरी काम अघि बढ्नेसमेत जानकारी गराए ।

उद्योगी, व्यवसायीको उत्साहसंग प्रदेशको समग्र विकासको सम्बन्ध जोडिएको भन्दै मुख्यमन्त्री आचार्यले सरकारले उद्योगीमैत्री नीति अलवम्बन गरेको बताए । 'प्रदेश सरकारले राम्रोसंग बुझेको छ । जबसम्म उद्योगी, व्यवसायीहरुले निर्विवाद ढंगले उहाहरुलाई उत्साहित बनाएर सरकार अघि बढ्न सक्दैन, तबसम्म मुलुकको पनि उन्नती हुन सक्दैन । प्रदेशको पनि विकास हुन सक्दैन । विकास गर्ने भनेकै निजी क्षेत्रले हो,'मुख्यमन्त्री आचार्यले भने,'सरकारले लगानीको वातावरण बनाउँछ । लगानी गरेर विकास गर्ने भनेको निजी क्षेत्रले हो ।' उत्पादनको क्षेत्रमा लगानी बढाउन मुख्यमन्त्री आचार्यले जोड दिए । 'हामी परनिर्भर होइन, आत्मनिर्भर हुन जरुरी छ । स्थानीय उत्पादनलाई बढाउने र आयात भन्दा निर्यातमा जोड दिन जरुरी छ,' उनले भने, 'स्वदेशी उत्पादनलाई बढाउन सरकारले पनि साथ दिन्छ । स्थानीय उत्पादनको बजारीकरणको लागि सरकारले सहयोग गर्छ ।' व्यवसायीहरुलाई पर्ने कानुनी जटिलताको काँठो फुकाउन सरकार तयार रहेको समेत बताए । 'प्रदेश सरकारले बनाएका कानुनबाट यहाँहरुलाई काम गर्न गर्ने सन्दर्भमा कुनै समस्या परेको छ भने त्यसलाई सहजीकरण गरेर, त्यो कानुनलाई संशोधन गरेर उद्योगीमैत्री बनाउनको निमित्त प्रदेश सरकार तयार छ,' मुख्यमन्त्री आचार्यले भने, 'तपाईहरुलाई परेका कानुनी समस्याहरु, ती बाधा अड्चनहरुलाई फुकाउन हामी तयार छौं । त्यस्ता कानुनहरुमा समस्या देखा परेका छन् भने समयमा बुँदागत रुपमा सुझाव राख्न सक्नुहुन्छ ।' उद्योगी, व्यसायीहरुको सुझावलाई सरकारले सम्बोधन गर्ने प्रतिबद्धता मुख्यमन्त्री आचार्यले व्यक्त गरे ।

संघका अध्यक्ष दिलिप सापकोटाले वार्षिक प्रतिवेदन प्रस्तुत गर्दै आर्थिक मन्दीले सानादेखि ठूला उद्योगहरु बन्द हुने क्रम तीव्र भइरहेको बताए । रुपन्देहीमा एक वर्षमा ३५४ वटा उद्योग बन्द भएकोले आर्थिक क्षेत्र तहस नहस हुने खतरा रहेको उनको भनाइ थियो । 'उद्योगी व्यवसायीहरु उधारोको चपेटाले संकट ग्रस्त बन्दै गएका छन् । बिल काटेलगत्तै व्यवसायीले सरकारलाई बुझाउनुपर्ने सम्पूर्ण शुल्कहरु समयमै बुझाउने तर उधारो रकम नउठ्ने समस्याले उद्योगीहरु दोहोरो मारमा परेका छन् ।' उनले भने ।

औद्योगिक क्षेत्रको लागि जग्गाको अभाव, महँगो जग्गामा लगानी, बैंकको ब्याजदरमा उतारचढाव, भ्याटलगायतका सेवा शुल्क, अघोषित लोडसेडिङ्ग, पटकट पटकको ट्रिपिङ्ग दोहोरो कर प्रणाली, दक्ष कर्मचारी व्यवस्थापन, कच्चा पदार्थ आपूर्ति समस्या र अव्यवहारिक निर्देशिका तथा औद्योगिक असुरक्षाका कारण उद्योगी सधै समस्यामा परिरहेको अध्यक्ष सापकोटाले बताए ।

यस्तै कार्यक्रममा रुपन्देही क्षेत्र नम्बर ५ का सांसद बासुदेव घिमिरे, पश्चिम नेपाल बस व्यवसायी प्रालिका अध्यक्ष दधि खरेल, बुटवल उद्योग वाणिज्य संघका अध्यक्ष हरिप्रसाद अर्याल, आन्तरिक राजश्व कार्यालय बुटवलका प्रमुख विवेक घिमिरे, बुटवल उपमहानगरपालिकाका नगरप्रमुख खेलराज पाण्डेय, संघका पूर्वअध्यक्ष गणेशप्रसाद अधिकारी, नेकपा एमाले रुपन्देहीका अध्यक्ष यज्ञ गैरे, दिगो तथा सम्मानित रोजगारीका लागि सिप परियोजना (इन्स्योर) लुम्बिनी प्रदेश प्रमुख निर्मला मैनालीलगायतले आआफ्नो भनाइ राखेका थिए ।

कार्यक्रम उद्योग संघका वरिष्ठ उपाध्यक्ष कृष्णप्रसाद पराजुलीको स्वागत तथा महासचिव हिरामणी भट्टराईको सञ्चालनमा सम्पन्न भएको थियो ।

## सामूहिक विकास सहकारीको साधारणसभा

# एउटा नमुना सहकारीको ३० वर्षे यात्रा

■ रमेश पराजुली

बुटवल, असोज १९ । दीर्घकालीन रणनीति बनाएर सहकारी सिद्धान्तमा आधारित रहेर आपसी एकता र इमान्दारितालाई आत्मसात् गरियो भयो भने सफलता हासिल हुन्छ भन्ने गतिलो उदाहरण बनेको छ, रुपन्देहीको तिलोत्तमा नगरपालिका-३ स्थित सामूहिक विकास बचत तथा ऋण सहकारी संस्था लिमिटेड ।

पछिल्लो समय बाहिरबाट आएका केही सहकारीले रुपन्देहीका बिभिन्न क्षेत्रबाट बचतकर्ताको करोडौं रकम हिनामिना गरिरहेको बेला सामूहिकले राम्रो मुनाफा गरी आफूलाई अघि बढेकाले नै सहकारीले सफलता प्राप्त गरेको बताए ।

कार्यक्रममा बोल्दै प्रमुख वक्ता रुपन्देही क्षेत्र नं. ५ का प्रतिनिधि सभाका सांसद बासुदेव घिमिरेले कुशल व्यवस्थापन र नेतृत्वकै कारण सहकारी देशकै नमुना भएको भन्दै यसलाई अब सहकारीको लक्ष्य सदस्यहरुलाई उद्यमी बनाउनु रहेको बताए । सहकारी संस्थालाई सबल र सक्षम बनाउन सहकारीको ऐन नियमलाई कडाइका साथ पालना गराउनुपर्ने बताए । सहकारी ऐन र नीति-नियमअनुसार चल्न आवश्यक रहेको बताउँदै सहकारीले वास्तविक बचतकर्ताहरूलाई मद्दत गर्नुपर्नेमा उनले जोड दिए । सानो पुँजीबाट

रूपन्देही जिल्लाभरि कार्यक्षेत्र रहेको यो सहकारीले अधिकांश ऋण लगानी व्यवसाय र उद्योग क्षेत्रमा लगानी गर्ने गरेको वरिष्ठ व्यवस्थापक तथा सूचना अधिकारी इश्वरी मरासिनी बताउँछन् । सहकारीले सामाजिक कार्य र शैक्षिक क्षेत्रमा बढी कर्जा लगानी हुने गरेको छ ।

स्थापना कालमा २ हजार ६ सय शेयर पुँजी संकलन गरी सुरु भएको सहकारीमा हाल ३२ करोड ८० लाख शेयर पुँजी पुगेको छ भने २ अर्ब ७२ करोड ५९ लाख ७४ हजार ५ सय ९३ रुपैयाँ निक्षेप संकलन रहेको छ । तिलोत्तमा शंकरनगरस्थित मुख्य कार्यालय सँगै




देशकै अब्बल सहकारीको रूपमा दर्ज गरेको छ । वि.सं. २०५० सालमा २६ जना मिलेर शंकरनगरमा २ हजार ६ सय शेयर पूँजी जम्मा गरेर सहकारी संस्था सुरु गरेका थिए ।

बचत तथा ऋणको कारोबार गर्ने गरी दर्ता भएको यो नै रूपन्देहीको पहिलो सहकारी थियो । मासिक २ सय रुपैयाँ बचत संकलनबाट सुरु भएको यो सहकारी अहिले शेयर पुँजी र कारोबारका हिसाबले लुम्बिनी प्रदेशकै सबैभन्दा ठूलो शेयर पुँजी र कारोबार हुने सहकारी बन्न पुगेको छ । सहकारीमा अहिले ११ हजार ७७९ जना शेयर सदस्य पुगेका छन् ।

### ३० औं वार्षिक साधारणसभा सम्पन्न

सामूहिक विकास बचत तथा ऋण सहकारी संस्थाको ३० औं वार्षिक साधारणसभा शनिबार सम्पन्न भएको छ । संस्थाका अध्यक्ष सुरेन्द्रकुमार वर्माको अध्यक्षता तथा ज्येष्ठ सदस्य रत्नबहादुर क्षत्रीको प्रमुख आतिथ्यतामा साधारणसभा सम्पन्न भएको हो ।

सो अवसरमा बोल्दै प्रमुख अतिथि क्षत्रीले सहकारीको मूल्य र मान्यताअनुसार सहकारी पनि स्वरोजगार उद्यम गर्न सकिने भएकाले सहकारीले अब गृहिणी महिलाहरुलाई उद्यममा जोड्ने गरी नयाँ कार्यक्रम ल्याउन आग्रह गरे ।

साधारणसभामा संस्थाका अध्यक्ष सुरेन्द्रकुमार बर्माले वार्षिक कार्यक्रमसहित प्रतिवेदन प्रस्तुत गर्दै आगामी योजनाहरुबारे जानकारी गराए । आगामी आ.व. मा भैरहवामा समेत सेवा केन्द्र सञ्चालन गर्ने गरी योजना बनाएको उनले बताए । साथै उनले आफ्नो सहकारीको जग्गामा भवन निर्माण गर्ने लक्ष्य लिइएको बताए । संस्थालाई थप सुदृढ र व्यवस्थित बनाउनको लागि सबै शेयर सदस्यहरूको हातेमालो आवश्यक रहने उनको भनाइ थियो ।

सहकारीका प्रमुख कार्यकारी अधिकृत देवराज ज्ञवालीका अनुसार आधुनिक बैंकिङ्ग सेवाअन्तर्गत एटिएम, मोबाइल बैंकिङ्ग, मिस्डकल बैंकिङ्ग, एसएमएस बैंकिङ्ग क्यूआर कोड, कनेक्ट आइपिएसलगायतका सेवाहरू सञ्चालनमा ल्याएको छ । साथै सदस्यहरूको सुविधाको लागि छुट्टाछुट्टै विभागको समेत गठन गरिएको छ ।

भलवारी, फर्साटिकर र बुटवल सेवाकेन्द्रमार्फत सदस्यहरुको बचत संकलन हुँदै आएको छ । सहकारीले विभिन्न क्षेत्रमा २ अर्ब ७३ करोड ३९ लाख ८६ हजार ८ सय ८४ रुपैयां कर्जा लगानी गरेको र खराब कर्जा नरहेको कोषाध्यक्ष पार्थमणी आचार्यले बताए ।

कार्यक्रममा सचिवको प्रतिबेदन प्रस्तुत गर्दै मिनप्रसाद पोखेलले सहकारीको मूल्य मान्यताअनुसार संचालन नहुने सहकारीहरुका कारण राम्रा सहकारीहरु पनि बदनाम हुने अवस्था आएको भन्दै सदस्यहरु पनि आफूले बचत संकलन गरेको सहकारी कसरी चलेको भन्ने विषयमा सतर्क हुनुपर्ने बताए ।

कार्यक्रममा संस्थाका संस्थापक अध्यक्ष माधव पाठक, सल्लाहकार दामोदर भुसाल, तिलोत्तमा-११ का वडाध्यक्ष विष्णु बराल, सदस्यको तर्फबाट शारदा पन्थी, कृष्णप्रसाद घिमिरेलगायतले आआफ्नो भनाइ राखेका थिए । कार्यक्रम सञ्चालक समिति सदस्य भूमिलाल सापकोटाको स्वागत तथा सचिव मिनप्रसाद पोखेलको सञ्चालनमा सम्पन्न भएको थियो ।

# दाउन्नेमा पटक-पटक सडक भासिँदा यात्रुलाई सास्ती

बुटवल, असोज १९ (मेसस) । पूर्व-पश्चिम राजमार्गअन्तर्गत पश्चिम नवलपरासीको दाउन्ने खण्डमा पटक-पटक सडक भासिँदा दशैं मनाउन घर फर्किरहेका यात्रुले सास्तीमाथि सास्ती खेप्नु परिरहेको छ । शुक्रवार साँझ बर्दघाट नगरपालिका वडा नम्बर ४ मा पर्ने सडक भासिएर ६ घण्टा रोकिएको थियो । मध्यराति १२ बजे एकतर्फ खुलेको सडक शनिवार साँझसम्म पनि एकतर्फी मात्र सञ्चालित छ । ठूला मालबाहक सवारीसाधनका कारण सडक दबिएपछि पटक-पटक मर्मत गर्नुपरेको छ । पश्चिमबाट पूर्व जाने गाडीको लाइन सुनवलदेखि बर्दघाटसम्म छ । त्यस्तै पूर्वबाट पश्चिम आउने गाडीको लाइन अरुणखोलादेखि दुम्कीबाससम्म १० किलोमिटरसम्मको छ ।



एकसातादेखि सडकमा राम्रोसँग गाडी पास भइरहेका छैनन् । इलाका प्रहरी कार्यालय, बर्दघाटका प्रहरी निरीक्षक दीपेन्द्र बानियाँले सडक पटक-पटक दबिरहँदा गाडी दोहोरो सञ्चालनमा कठिन भइरहेको बताए । 'मर्मतसँगै शुक्रवारदेखि नै हामीले दुवैतर्फबाट ५०-५० वटा गाडी क्रस गराउँदै आइरहेका छौं,' उनले भने, 'पश्चिमबाट पूर्व जाने गाडी बर्दघाटमा रोकेका छौं र पूर्वबाट पश्चिम आउने गाडी दुम्कीबासमा रोकिराखेका छौं ।' सडक दुईतर्फ सञ्चालन गर्न भने अझै समय लाग्ने बानियाँको भनाइ छ ।

दाउन्ने खण्डमा सडक भासिएपछि सोमवार साँझदेखि बन्द भएको सवारी आवागमन मंगलवार बिहान पौने ९ मा एकतर्फी सञ्चालनमा आएको थियो । अविरल वर्षाका कारण सडकको रिर्टेनिङ वाल भत्काउनका साथै ४०० मिटर जति सडक पनि भासिएको थियो । यसको मर्मतका लागि मंगलवार राति सडक पूर्णरुपमा रोकेर काम गरिएको थियो । तर शनिवार फेरि सडक भासिएको छ । सडक भासिँदा विद्युत्को हाइटेन्सन टावरसमेत ढलेको छ । मर्मत भएर शनिवार साँझ सञ्चालनमा आए पनि ठूलो पानी परेको अवस्थामा सडक भत्किने अवस्था छ । नारायणगढबाट बुटवल आउँदै गरेका एक यात्रुले लामो समय गाडी जाममा फस्दा ठूलो समस्या भएको बताए ।

# खसीको भन्दै बाखीको मासु बिक्री




बुटवल, असोज १९ (मेसस) । बुटवल उपमहानगरपालिका-२ मैनाबगरमा रहेको पुरानो दिलसेर मासु पसलले खसी, बोकाको भन्दै बाखीको मासु बेचेको भेटिएको छ । बुटवल उपमहानगरपालिकाले बिगत १ हप्तादेखि नियमित मासु पसलमा गरिरहेको अनुगमनका क्रममा शनिबार पुरानो दिलसेर मासु पसलले खसीबोकाको भन्दै बाखीको मासु बेचेको भेटिएको बुटवल उपमहानगरपालिकाका राजस्व शाखा अधिकृत जीवन भट्टराईले जानकारी दिए ।

उनले मासु पसलबाट १० किलो बाखीको मासु बरामद गरी नष्ट गरिएको बताए । उनले मासु पसलका सञ्चालक जमशेरलाई १० जरिमाना तिराई कारवाही गरी कार्यालय बोलाइएको बताए । त्यस्तै बुटवल वडा नम्बर २, ५ र ६ का केही मासु पसलमा शनिबार अनुगमन गरिएको थियो । सो क्रममा केही पसल बन्द गरिएको र कतिपय खसीबोका पसलमा वध नगरेको भेटिएको बताए ।

हार्दिक शुभकामना



विजयादशमी, शुभ दीपावली तथा छठ पर्व-२०८१ को पावन अवसरमा हाम्रा विद्यार्थी, अभिभावक, शिक्षक, कर्मचारी, शुभेच्छुक एवं देशवासी बुबा-आमा, दाजु-भाई, दिदी-बहिनीहरुमा सुख, शान्ति समृद्धि एवं उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

इश्वरी प्रसाद ज्ञवाली
अध्यक्ष

ज्ञान प्रसाद भट्टराई
प्राचार्य

श्री शिवपुर माध्यमिक विद्यालय परिवार
तिलोत्तमा-११, शिवपुर, रुपन्देही

## सम्पादकीय

# वधशालाको दिगो सञ्चालनमा ध्यान देऊ

बुटवलमा लामो प्रयासपछि वधशाला निर्माण भएको थियो । साझेदारीमा यसको दिगो सञ्चालनको मोडलसमेत तयार भएको थियो । तर, त्यसबेला तय भएको अवधारणालाई लत्याउँदै जुन वातावरण बनाइयो त्यसले वधशालाको भविष्यमै प्रश्न चिन्ह उठाएको छ । उपभोक्ताको स्वास्थ्य, व्यवसायीको हित र किसानको समेत फाइदालाई दृष्टिगत गरेर सार्वजनिक-निजी-सहकारी-सहकार्यको 'फोर पी' मोडललाई अहिलेका जनप्रतिनिधिले लत्याए । यसले ती व्यवसायी र किसानलाई चिढाउने काम गरेको छ । यसमा पुनर्विचार गर्न हामी बुटवल उपमहानगरलाई आग्रह गर्दछौं । समस्यालाई बल्झाउनेतिर होइन, समाधानतिर केन्द्रित गर्नुपर्छ । राजनीति एकातिर छ तर समग्र स्थानीय सरकारको उत्तरदायित्व राजनीतिक पूर्वाग्रहले बाँधिनु राम्रो हुँदैन ।

वधशाला चलाउने भन्दै चारपाँच वर्षअघि नै करोडौं रुपैयाँ स्थानीय सरकारको जमानीमा जम्मा गरेका केही मासु व्यवसायी र बाख्रा पालक किसानहरु अहिले वधशालाको सञ्चालन प्रक्रियामा नाखुश छन् । त्यतिमात्रै होइन अहिले बुटवल उपमहानगरले आफूहरुलाई बाइपास गरेर विचौलियालाई अवसर दिएको अरोप लगाइरहेका छन् । वधशाला सञ्चालनमै अनिश्चितता उत्पन्न हुनु बुटवलका लागि सुखद कुरा होइन । वधशालाको सञ्चालन प्रक्रियामा जनप्रतिनिधिहरू, व्यवसायी र किसानहरूको बिचमा मतभेद उत्पन्न हुनु यहाँको व्यवसायिक वातावरण झन बिग्रनु हो । जुन बुटवलका लागि यसैपनि सुखद हुनेछैन ।

आर्थिक मन्दीले यहाँको उद्यम व्यवसाय प्रभावित भइरहेका बेलामा उद्यम र व्यवसाय गरिरहेकाहरुलाई चिढाएर राम्रो हुँदैन । राजस्वका स्रोतलाई संरक्षण गर्ने, संवर्द्धन गर्ने काम पनि स्थानीय सरकारको हो । सरकार सबैको अभिभावक बनेर प्रस्तुत हुनुपर्नेमा कतैबाट परिचालित हुनु, प्रभावित हुनु राम्रो हुँदैन ।

धेरैभन्दा धेरैले गलत मानेको कुरामा उपमहानगरले एकोहोरो बलजफ्ती गर्नु उचित हुँदैन । यस्ता विषयलाई वार्ता र संवादबाट हल गर्न हामी आग्रह गर्दछौं । बुटवल उपमहानगरपालिकाले वधशालाको निर्माणको प्रस्तावमा सार्वजनिक-निजी साझेदारीको मोडलबाट कार्य अघि बढाएको थियो र अहिले यसको पूर्णता भएको छ । निर्माण कार्यको शिलान्यास २०७७ सालमा गरिएको थियो र २२ करोडको लागतमा यो परियोजना सम्पन्न भएको थियो ।

तर, नयाँ जनप्रतिनिधिहरूको आगमनले साझेदारीको मोडललाई लत्याउँदा जुन खालको अनिश्चितता उत्पन्न भएको छ र यसले बुटवलको समग्र व्यवसायिक वातावरणलाई कमजोर बनाउने काम भएको छ । बुटवलको वधशालाले निर्माणमा ठूलो लगानी गरेको भए पनि, यसको सञ्चालनको मोडलमा देखिएको अन्यौललाई अन्त्य गर्न फेरि पनि सरोकारवालाहरुका बिचमा छलफल र सहकार्य होस्, साझेदारी होस्, पहिलेको र बुटवलका लागि फापिरहेको पीपीपीपी अवधारणामै काम होस् ।

# नेपाली लुगा र जुत्ताघरमा उपभोक्ताको भीड

बुटवल, असोज १९ (मेसस) । बुटवल मिलनचोकस्थित नेपाली लुगा घर र जुत्ताघरमा उपभोक्ताको थामिनसक्नु भीड लागेको छ ।

लुगाघरले बिहीबारदेखि दसैं लक्षित 'कब्बो प्याक' योजना ल्याएपछि उपभोक्ताको झनै रूचि बढेको हो । नेपाली ब्राण्डको कपडा विक्री वितरण गर्दै आएको लुगा घरले दसैं विशेषको



लागि २ हजार ९०० रूपैयाँमा पुरूषका लागि एक सेट सिरपाउ दिने अफरमा ग्राहक लोभिएका हुन् । आगलागीबाट ठूलो नोक्सानी भोगेको डेल्टा मार्टमा सञ्चालित लुगाघरले आफ्नो व्यवसाय सञ्चालनका लागि दसैं अवधिमा यस्तो अफर ल्याएको हो । दसैं नजिकिएसँगै उपभोक्ताको रोजाइमा लुगाघर परेपछि सञ्चालक पनि उत्साहित छन् । नेपाली लुगा घरका सञ्चालक प्रकाश भुसालले अहिले दैनिक १२ हजार उपभोक्ता 'कब्बो प्याक' र जुत्ता, चप्पल किन्न आउने गरेको बताए । बढ्दो महँगीलाई मध्यनगर गर्दै सस्तो मूल्यमा दसैं मनाउने आम उपभोक्तालाई लक्षित गरी सञ्चालन गरिएको 'कब्बो प्याक'मा ग्राहकले मन पारेको बताए । भदौ १० गतेबाट सुरू भएको जुत्ताघर तिहारसम्म चल्नेछ ।

बुटवल कालिकानगरकी गौमती रेग्मीले जुत्ता घरमा कम्बो प्याक उपयुक्त रहेको बताइन् । 'एक जनालाई चाहिने सेट कपडा कब्बो प्याकमा पाइने रहेछ,' गौतम भन्छिन्,'मैले पनि श्रीमान्को लागि किनिदिएँ । यो उपयुक्त लाग्यो ।' कम्बो प्याक अफरमा एउटा पाइन्ट, सर्ट, अण्डरवेयर, मोजा, जुत्तासमेत ६ आइटम उपलब्ध छन् । जसमा याक एण्ड नेक, फ्रिडम दुई ब्राण्डका कपडा, क्रस रोड र रन सुज ब्राण्डको जुत्ता छन् ।

आर्थिक समस्यामा रहेको उपभोक्तालाई भड्किलो दसैं रोक्ने यो अभियानबाट मद्दत मिल्ने सञ्चालक भुसालले बताए । नेपाली उद्योग र उत्पादनलाई उपभोक्तासम्म प्रत्यक्ष जोड्ने गरी आगामी दिनहरुमा थप योजनाहरु समेत बनाएको प्रकाशको भनाइ छ । जुत्ताचप्पल किन्दा पनि १५ देखि ५० प्रतिशतसम्म छुट दिएको छ । ५ सय रुपैयाँमा ३ सेट चप्पल पनि जुत्ताघरले विक्री गरिरहेको छ ।

# इन्द्रेणी सहकारीको साधारणसभा

बुटवल, असोज १९ । बुटवल-८, धर्मपथमा रहेको इन्द्रेणी बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडको शनिबार सम्पन्न २६ औं साधारण सभाले सदस्य केन्द्रित उत्पादनमूलक र विक्री वितरण गर्ने व्यवसायमा लगानी गर्ने प्रस्तावलाई पारित गरेको छ । सहकारीले गुणस्तरीय व्यवसायिक सेवामार्फत सदस्यहरुलाई आत्मनिर्भरताका लागि प्रेरित गर्ने उद्देश्यले उत्पादनमूलक र विक्री वितरण गर्ने व्यवसायमा लगानी गर्ने प्रस्तावलाई पारित गरेको हो ।

सहकारीका अध्यक्ष कृष्णप्रसाद अर्यालद्वारा पेश गरिएको प्रस्तावलाई शनिबार सम्पन्न साधारण सभाले पारित गरेको हो । साधारणसभाबाट इभि चार्जिङ स्टेशनलाई थप व्यवस्थित गर्दै अन्य बहुउद्देश्य कार्यक्रमलाई क्रमश जोड्दै जाने प्रस्तावलाई पनि पारित गरिएको उनले बताए ।

साधारण सभाको उद्घाटन गर्दै बुटवल उपमहानगरपालिकाका उपप्रमुख सावित्रादेवी अर्यालले विवेक पुऱ्याएर नीतिसंगत सञ्चालन भएका सहकारीहरुमा समस्या उत्पन्न नभएको भन्दै सहकारी सिद्धान्त सञ्चालन हुनुपर्नेमा जोड दिए ।

संस्थाकी उपाध्यक्ष माया गौतमको स्वागत, सचिव नरबहादुर रजालीको सञ्चालनमा भएको कार्यक्रममा कोषाध्यक्ष कृष्णप्रसाद अर्यालले आर्थिक प्रतिवेदन प्रस्तुत गर्दै संस्थाको शेयर १० करोड ५३ लाख २२ हजार ४ सय, कुल बचत ४१ करोड २५ लाख ६० हजार, कुल कर्जा ४७ करोड ८५ लाख र गएको आर्थिक वर्षको नाफा एक करोड, २९ लाख २८ हजार रहेको बताए ।


## Chhatradev Rural Municipality

Office Of Rural Municipal Executive
Chhatragunj, Arghakhanchi

### Invitation For Sealed Quotations

**Date of publication: 2081/06/20 (06 October, 2024)**

Chhatradev Rural Municipality, Office of Rural Municipal Executive invites electronics bids from eligible bidders under PPMO's e-GP system www.bolpatra.gov.np/egp for construction of following works under Sealed Quotation. All other Information and Bid Document can be downloaded from PPMO's e-GP system www.bolpatra.gov.np/egp

**For Bid document Fee (NRs 1000)**
Name of the Bank: Nabil Bank Ltd., Chhatragunj Branch
Name of Office: Chhatradev Rural Municipality, Office of Rural Municipal Executive, Chhatragunj, Arghakhanchi
Office Account no.: 21401017500033 (Ga-1.1 Aantarik Rajaswa Khata)

**For Bid Security (As per Table)**
Name of the Bank: Nabil Bank Ltd., Chhatragunj Branch
Name of Office: Chhatradev Rural Municipality, Office of Rural Municipal Executive, Chhatragunj, Arghakhanchi
Office Account no.: 21401017500025 (Ga 3 Dharauti Khata (Chhatradev RMCP))

Last Date of Bid Purchase and Submission: 22th October 2024 (2081/07/05) 12:00 Hrs.

| SN | Name of Project/Contract No. | Bid Security Amount with Validity up to 05th January 2025 |
|---|---|---|
| 1 | Upgrading Works of Chhatradev Rangasala and Landslide Control Work CRM/ARG/SQ/W/10/081/82 | 28,000/- |


# नदीजन्य पदार्थको निकासी खोल्नुपर्छः मन्त्री कार्की

बुटवल, असोज १९ । लुम्बिनी प्रदेश सरकारका आर्थिक मामिला तथा योजना मन्त्री धनेन्द्र कार्कीले नदीजन्य पदार्थ (ढुंगागिटी) निकासी खोल्नुपर्ने धारणा राखेका छन् । उनले मुलुकको अर्थतन्त्र सुधारको लागि पनि नदीजन्य पदार्थको निकासी खोल्नुपर्ने भनाइ राखेकाम थिए ।

बुटवल उद्योग वाणिज्य संघ रुपन्देहीले शुक्रबार साँझ विजया दशमी, दिपावली, नेपाल संवत्, छठलगायतका पर्वहरुको अवसरमा आयोजना गरेको शुभकामना आदानप्रदान कार्यक्रममा बोल्दै मन्त्री कार्कीले उत्खनन गर्न नदिने गरी माथिबाट आएको माल झिक्ने र भारत निर्यातका लागि निकासी खोल्नुपर्ने भनाइ राखेका थिए ।

उनल सबै देशले आफूसंग जे छ त्यसैको व्यापार गर्ने भन्दै नेपालमा नदीजन्य पदार्थ भएकाले त्यसको व्यापार रोक्दा मुलुकको अर्थतन्त्रमा नकारात्मक असर गरेको भनाइ राखेका थिए । 'त्यसैपनि नेपालका नदीनालामा भएको ढुंगागिटी ननिकाल्दा बगेर भारतमै जाने हो ।' उनले भने,'नदीनालाले बगाएर लैजाने ढुंगा गिटी निकालेर निर्यात गर्न सकियो भने राजस्य संकलन गरी त्यसबाट आर्थिक लाभ लिन सकिन्छ ।'

उनले भ्रष्टाचार नियन्त्रणका लागि सबैले सुधार सोंच बनाउनुपर्ने भनाइ राखेका थिए । मन्त्री कार्कीले मुलुकको अर्थतन्त्र सुधारका लागि निजी क्षेत्रको महत्वपूर्ण भूमिका रहेको बताउँदै निजी क्षेत्रलाई परेका समस्या समाधानका लागि आफू प्रयत्नशिल रहेको पनि बताए ।

त्यस अवसरमा बुटवल उपमहानगरपालिकाका नगरप्रमुख खेलराज पाण्डेयले मुलुकका ऐन, नियम तथा कानुनहरु नै उद्योगी व्यवसायीमैत्री नभएको महशुस गरिएको बताउँदै त्यसमा विशेष गरेर संघीय सरकारलाई त्यसको महशुस गराउनको लागि नीजि क्षेत्रले विशेष भूमिका खेल्न आग्रह गरे ।


लुम्बिनी प्रदेश सरकार
सहरी विकास तथा खानेपानी मन्त्रालय

## खानेपानी तथा सरसफाई कार्यालय, गुल्मी

### सप्लाइ कार्यको बोलपत्र सम्बन्धी सूचना

**www.bolpatra.gov.np/egp** मा पहिलो पटक प्रकाशित मिति : २०८१/०६/२०

खानेपानी तथा सरसफाई कार्यालय गुल्मीद्वारा आ.व. २०८१/०८२ मा संचालित विभिन्न खानेपानी तथा सरसफाई आयोजनाहरुमा तपशिलको सप्लाई कार्य खुल्ला प्रतिस्पर्धाबाट e–bidding मार्फत गराउनु पर्ने भएकाले इच्छुक रित पुगेका नेपाली उत्पादक कम्पनी, सप्लायर्स वा फर्महरूबाट तपशिल बमोजिमको शर्तहरुको अधिनमा रहने गरी छुट्टाछुट्टै e–bidding मार्फत www.bolpatra.gov.np/egp बोलपत्र आवहान गरिन्छ । Pre–Bid Meeting मिति २०८१/०७/०९ गते दिउसो १:०० बजे तथा बोलपत्र दाखिला अन्तिम मिति २०८१/०७/२० गते १२:०० बजेसम्म रहनेछ । म्यादभित्र पेश भएका बोलपत्र मिति २०८१/०७/२० गते २:०० बजे खोलिनेछ । विस्तृत जानकारीका लागी ppmo को website मा राखीएको सुचना हेर्नुहुन वा कार्यालयमा सम्पर्क गर्नुहुन जानकारी गराइन्छ ।

| क्र. सं. | ठेक्का नं. | कामको विवरण | योजनाको नाम | बोलपत्र दस्तुर रु. | ल.ई. रकम (भ्याट बाहेक) रु. | जमानत रकम रु. |
|---|---|---|---|---|---|---|
| १ | WSSDO/Gulmi/NCB/G/081-82/01 | Gl Pipe खरिद तथा सप्लाइ कार्य | विभिन्न आयोजनाहरू | ३०००.०० | ५९,२६,६३२.०० | १,६७,५००.०० |

कार्यालय प्रमुख



## Pratappur Rural Municipality

Office Of The Rural Municipal Executive
Belatari, Nawalparasi (Ba.Su.Pa.), Lumbini Province, Nepal

### Invitation for Bids

Publication Date: 2081/06/20

1. Pratappur Rural Municipality invites electronic bids from eligible bidders for the construction of followings works under National Competitive Bidding procedures.

| S. N | Contract Identification No | Description Of Work | Estimate amount Without VAT | Last Date & Time | | Bid Security Amount (Nrs) | Bid Document Fee (Nrs) |
|---|---|---|---|---|---|---|---|
| 1. | PRM/ROAD/NCB/W/01-081-82 | Nawalparasi jilla pratappur ga.pa Athalahi Pull Dekhi Pachim Disa Taraf Pratappur ward no.02 Sonbarsa Gau Jodane Sadak Istarunnati | 88,62,808.93 | Bid Submission | 2081/07/20, 12:00 Pm | 2,50,000.00 | 3,000.00 |
| | | | | Bid Opening | 2081/07/20, 01:00 PM | | |
| 2. | PRM/ROAD/NCB/W/02-081-82 | Jiwan Joyti Bidhayle Dekhi Baeriyako Bato Kalopatre | 18,76,532.89 | Bid Submission | 2081/07/20, 12:00 Pm | 50,000.00 | 3,000.00 |
| | | | | Bid Opening | 2081/07/20, 01:00 PM | | |
| 3. | PRM/ROAD/NCB/W/03-081-82 | Pratappur Ga.Pa Ward No.01 Bhittha Dekhi Baungadhi Jane Bato Dekhi S Pathsalako Gate Samma Sadak Nalla Nirman Tatha Istaunnati | 18,67,521.74 | Bid Submission | 2081/07/20, 12:00 Pm | 50,000.00 | 3,000.00 |
| | | | | Bid Opening | 2081/07/20, 01:00 PM | | |

2. Electronic bids must be submitted to the office Pratappur Rural Municipality, Belatari, Nawalparasi (Ba.Su.Pa.) through PPMO website www.bolpatra.gov.np/egp.
3. Information to deposit the cost of bidding document in Bank:
   Name of the Bank: Global IME Bank Ltd.,
   Name of Office: Pratappur Rural Municipality
   Office Account no.: K604010000016
4. Information to deposit the Bid Security Amount(Nrs) in Bank: Name of the Bank: Global IME Bank Ltd.,
   Name of Office: Pratappur Rural Municipality
   Office Account no.: K604010000005
   Bid Security must be valid for a peroid of 120 day after bid opening
6. Pratappur Rural Municipality, Belatari Nawalparasi (Ba.Su.PA.) reserves the right to reject or accept or cancle any bid partially or fully without assigning any reason, whatsever.
7. Other mandatory information as per PPA and PPR.



## जनसेवा स्वावलम्बन बचत तथा ऋण सहकारी संस्था लि.

मर्चवारी-७, बगौली, रुपन्देही

पटवारी प्रसाद कुर्मी
मर्चवारी गा.पा. वडा नं. ७, बगौली उत्तरटोला, रुपन्देही ।

### कर्जा सम्पुर्ण बक्यौता नबुझाए धितो लिलाम हुने सम्बन्धी ३५ दिने अत्यन्त जरुरी सूचना

प्रकाशित मिति: २०८१।०६।२० गते

यस सहकारी संस्थालाई रु. ७०,००,०००/- ऋण वापत मिति २०७७।११।२६ मा र.नं. ६८९ को दृष्टिबन्धक लिखत मालपोत कार्यालय मझगावाबाट रजिष्ट्रेशन पारित गरिदिनु भएकोमा संस्थाबाट २०७८।१२।०२ गतेसम्म बुझाउने भाखा राखि २०७७।१२।०२ गते रु. ६०,००,०००/- ऋण रकम तमसुक लेखि बुझिलिनु भएपनि भाखा नाघेपछि हालसम्म पनि देहाय बमोजिमको सावा ब्याज रकम नबुझाई बक्यौता रहेको रकम बुझाउन कुनै तरखर नदेखाउनु भएको हुदा अविलम्ब संस्थामा बक्यौता ऋण सावा ब्याज रकम रु. १,१५,७६,३८२/- पन्ध्र दिनमा चुक्ता बुझाउनु हुन भनि मिति २०८१।०४।०६ मा च.नं. ०२ को पत्रबाट अनुरोध गरेको पत्र २०८१।०४।१० गते प्राप्त गर्नु भएपनि बक्यौता रकम नबुझाई बस्नु भएकोले दोश्रो पटक पत्र १५ दिनभित्र २०८१/०५/१५ गतेसम्मको सावा ब्याज जरिवाना रकम रु. १,१८,२५,९१५/-, हिनामिना रकम रु. ३७,४४,६२६।५४ र पेश्की फर्स्योट रु. ३,३६,८५३।- समेत रु. १,५९,०७,३९४।५० चुक्ता बुझाउनु हुन लेखिएको तपाईले पत्र नबुझि फिर्ता गरिदिनु भएकोमा ऋणीले यस सहकारी संस्थाबाट लिनु भएको कर्जाको भुक्तानी मिति समाप्त भईसकेपनि तिर्न बुझाउनु पर्ने सावा ब्याज आदि नबुझाई कर्जा सम्बन्धी शर्त बन्देज उल्लंघन गरि पटक-पटक मौखिक लिखित रुपमा सूचना गरी अनुरोध गर्दा पनि ऋण सावा ब्याज, ले.प. को हिमि रकम, पेश्की रकम समेत चुक्ता नबुझाउनु भएकोले ऋणीसंग लिनु पर्ने लिलाम मितिसम्मको सम्पूर्ण लेना रकम असुल हुने गरी उल्लेखित धितो सहकारी ऐन, २०७४, सहकारी नियमावली, २०७५ एवं संस्थाको विनियम नीति कार्यविधि अनुसार ऋणीले कर्जा लिदा धितो सुरक्षण वापत दृष्टिबन्धक रोक्का रहेको ऋणीको नाममा दर्ता कायम भएको तपसिल बमोजिमको धितोबाट तपाईसंग सम्पूर्ण लेना रकम चुक्ता नबुझाए लिलाम गरि असुल उपर गर्न बाध्य भई धितो लिलाम हुने व्यहोरा जानकारीको लागि यो ३५ दिने सूचना प्रकाशित गरिएको छ । लिलामबाट नपुग असुल हुन बाकी रकम ऋणीको थप जेथाबाट असुल उपर गरिनेछ ।

तपसिल

**लिलाम हुने जेथा**: ऋणी पटवारी प्रसाद कुर्मीको नाम दर्ता रहेको जिल्ला रुपन्देही बगौली गा.वि.स. वडा नं. ४ कि.नं. १११३ ज.वि. ०-५-५, ऐ. वडा नं. ५ कि.नं. १९०८ ज.वि. ०-४-११ मैनहिया सम्पतिहा १३२KV प्रशारण लाईन आयोजनाको लाइन गएको, ऐ.कि.नं. १९११ ज.वि. ०-१-२, ऐ. कि.नं. १४ ज.वि. ०-१-८, ऐ.कि.नं. ६० ज.वि. ०-१-५, ऐ.कि.नं. ३११ ज.वि. ०-३-१८, ऐ. वडा नं. ४ कि.नं. ४२७ ज.वि. ०-२-० ।

अध्यक्ष

# लुम्बिनीको कन्सल्ट्यान्ट प्रशिक्षकमा गौचन नियुक्त

भैरहवा, असोज १९ । नेपाली क्रिकेटका पूर्वस्पिन अलराउन्डर शक्ति गौचन नेपाल प्रिमियर लिगको फ्रेन्चाइज टोली लुम्बिनी लायन्सको कन्सल्ट्यान्ट प्रशिक्षकमा नियुक्त भएका छन् ।

लुम्बिनीका मालिक ईश्वर जिसी र शक्ति गौचनबिच शनिबार एक सम्झौता भएको छ ।

'एनपीएल नेपाली क्रिकेटको एउटा ठूलो प्लेटफर्म हो । आउने अक्सनमा मैले कडा मिहिनेत गरेर राम्रो टिम बनाउन प्रयास गर्नेछु । क्यान र लुम्बिनी टोलीलाई धन्यवाद', शक्तिले सम्झौता कार्यक्रममा भने ।

नेपालका सफल खेलाडी शक्ति २०१८ मा सन्यास लिएपछि भैरहवामा आफ्नो स्टार क्रिकेट एकेडेमीमा प्रशिक्षणमा व्यस्त छन् । कुशल मल्ल र सुशान भारी शक्तिले नै उत्पादन गरेका खेलाडी हुन् ।

शक्तिले २०२१ को एभरेष्ट प्रिमियर लिगमा पोखरा राइनोजमा बलिङ प्रशिक्षकको रुपमा काम गरेका थिए । लुम्बिनीको मार्की खेलाडीमा नेपाली राष्ट्रिय टोलीका कप्तान रोहित पौडेल छन् । एनपीएलको अक्सन आइतबार काठमाडौंमा हुदैछ ।

People in Need

## Expression of Interest (EOI)

People in Need (PIN) invites Expression of Interest (EOI) from interested Nepalese Non – Governmental organizations to work in one of the following packages:

**Package 1: Multi-Hazard Preparedness and Early Action in Hill Areas of Nepal**
**Package 2: Accelerating Civil Society's Role for inclusive Education**
**Package 3: Low grade plastic waste management across river corridors in Kathmandu Valley**

Interested organizations can request the EOI package documents from: eoi.nepal@peopleinneed.net before 4pm on 8 October, 2024 (22 Ashoj, 2081 BS). Email subject of package document requested should be titled as:

- EOI application document_Package 1
- EOI application document_Package 2
- EOI application document_Package 3

Please note that PIN will not proceed further if the email subject for requesting document is not mentioned. PIN will provide the package documents starting from 9 October 2024. The deadline to submit the EOI package document is 27 October 2024.

## हार्दिक अनुरोध

- करहरु समयमै बुझाई विकास निर्माणमा सहभागी बनौं ।
- सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुले आफ्नो नाम भत्ता पाउने लिष्टमा छ छैन प्रत्येक साउन महिनामा आ–आफ्नो वडा कार्यालयमा गई बुझौं र ढुक्क होऔं ।
- जन्म दर्ता, मृत्यु दर्ता, विवाह दर्ता, सम्बन्ध विच्छेद एवं बसाई सराई जस्ता व्यक्तिगत घटना समयमै दर्ता गरौं ।
- समयमै कर तिरी विकास निर्माणमा सहभागी बनौं ।
- रुख रोपौं, वातावरण संरक्षण गरौं, हरियाली बढाऔं ।
- सडक अवरोध हुने गरी निर्माण सामाग्री नराखौं, सडक सफा राखौं ।
- आफ्ना चौपायाहरु छाडा नछाडौं, दुर्घटना न्यूनिकरणमा सहकार्य गरौं ।

विजयादशमी, शुभ दिपावली तथा छठ पर्व २०८१ को पावन अवसरमा समस्त देशवासी बुबा–आमा, दाजु–भाई, दिदी–बहिनीहरुमा सुख, शान्ति, समृद्धि एवं उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**शेर बहादुर गुरुङ्ग**
वडा अध्यक्ष (एवं)
**सियारी गाउँपालिका वडा नं. ६ को कार्यालय परिवार**
रुपन्देही

## गैडहवा गाउँपालिकाको अनुरोध

- करहरु समयमै बुझाई विकास निर्माणमा सहभागी बनौं ।
- जन्म दर्ता, मृत्यु दर्ता, विवाह दर्ता, सम्बन्ध विच्छेद एवं बसाई सराई जस्ता व्यक्तिगत घटना समयमै दर्ता गरौं ।
- सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुले आफ्नो नाम भत्ता पाउने लिष्टमा छ छैन प्रत्येक साउन महिनामा आ-आफ्नो वडा कार्यालयमा गई बुझौं र ढुक्क होऔं ।
- सार्वजनिक स्थल, नदी एवं खोला नालाहरुलाई फोहोर तथा ढल विसर्जन स्थल नबनाऔं ।
- आफ्ना चौपाया छाडा नछाडौं, दुर्घटना न्यूनिकरणमा सहकार्य गरौं ।
- रुख रोपौं वातावरण संरक्षण गरौं, हरियाली बढाऔं ।
- आफ्नो घर तथा पसलबाट निस्कासित फोहोरहरु तोकेको स्थानमा राख्ने गरौं, फोहोरको प्रकृति छुट्याएर विसर्जन गरौं ।

विजयादशमी, शुभ दिपावली तथा छठ पर्व २०८१ को पावन अवसरमा समस्त देशवासी बुबा–आमा, दाजु–भाई, दिदी–बहिनीहरुमा सुख, शान्ति, समृद्धि एवं उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

| सुरेन्द्र पौड्याल | माधुरी जैसवाल | श्रीप्रसाद गौतम |
|---|---|---|
| अध्यक्ष | उपाध्यक्ष | प्रमुख प्रशासकीय अधिकृत |

**गैडहवा गाउँपालिका परिवार**
गाउँ कार्यपालिकाको कार्यालय
रुपन्देही

## Shree Dudhadhari Secondary School

Bijaynagar Rural Municipality-01, Gugauli

### Invitation for Online Bids

**Date of publication: 6th Oct, 2024(2081/06/20)**

The Shree Dudhadhari Secondary School has received funds to cover eligible payment under the Contract for the contracts named below.

| S N | IFB No./Works | Bid Security Amount (Nrs.) | Fee for Bid Document | Bidding Process |
|---|---|---|---|---|
| 1 | 01/NCB/GOODS/DSS/2081-82 (Procurement of Supplying and delivery of School bus.) | 1,00,000.00 | 3,000 | NCB |

1. Eligible Bidder must bid Electronically through https://bolpatra.gov.np/egp/ with Public Entity Name : Shree Dudhadhari Secondary School.
2. Bank Account No.
   **Name of the Bank :** Prabhu Bank, Bijayanagar Branch
   **Account name :** Shree Dudhadhari Ma.Bi. Antarik Rajaswa Khata/ Dharauti Khata
   **Account No. :** 1410109610000011/1410109610000029
3. Last date and Time of Bid Submission: 5th Nov, 2024 (2081/07/20); 12:00 Hours
4. Pre Bid Meeting date and Time: 27th Oct, 2024 (2081/07/11); 11:00 Hours
5. Bid Opening date and Time: 5th Nov, 2024 (2081/07/20); 13:00 Hours
6. Matters not covered in this notice shall be in accordance with prevailing rules and regulations of Nepal, PPA 2063 and PPR 2064
7. Any amendment in the tender notice or Bidding Document will be posted in the notice board at Dudhadhari Secondary School Office, Bijaynagar-01,Gugauli, Kapilvastu and may visit in PPMO website with Public Entity Name : Shree Dudhadhari Secondary School.
8. The employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning reason whatsoever.
9. For further information contact: 9847085525 /9857072737 or email: dudhadhari.s.s12@gmail.com

**Principal**

## सियारी गाउँपालिका वडा नं. ७ को अनुरोध

- करहरु समयमै बुझाई विकास निर्माणमा सहभागी बनौं ।
- सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुले आफ्नो नाम भत्ता पाउने लिष्टमा छ छैन प्रत्येक साउन महिनामा आ–आफ्नो वडा कार्यालयमा गई बुझौं र ढुक्क होऔं ।
- जन्म दर्ता, मृत्यु दर्ता, विवाह दर्ता, सम्बन्ध विच्छेद एवं बसाई सराई जस्ता व्यक्तिगत घटना समयमै दर्ता गरौं ।
- समयमै कर तिरी विकास निर्माणमा सहभागी बनौं ।
- रुख रोपौं, वातावरण संरक्षण गरौं, हरियाली बढाऔं ।
- सडक अवरोध हुने गरी निर्माण सामाग्री नराखौं, सडक सफा राखौं ।
- आफ्ना चौपायाहरु छाडा नछाडौं, दुर्घटना न्यूनिकरणमा सहकार्य गरौं ।

विजयादशमी, शुभ दिपावली तथा छठ पर्व २०८१ को पावन अवसरमा समस्त देशवासी बुबा–आमा, दाजु–भाई, दिदी–बहिनीहरुमा सुख, शान्ति, समृद्धि एवं उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

| दिपक कुमार शाही | हेमन्त चौधरी |
|---|---|
| वडा अध्यक्ष | वडा सचिव |

**सियारी गाउँपालिका वडा नं. ७ को कार्यालय परिवार**
रुपन्देही

## सियारी गाउँपालिकाको अनुरोध

- जन्म दर्ता, मृत्यु दर्ता, विवाह दर्ता, सम्बन्ध विच्छेद एवं बसाई सराई जस्ता व्यक्तिगत घटना समयमै दर्ता गरौं ।
- सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुले आफ्नो नाम भत्ता पाउने लिष्टमा छ छैन प्रत्येक साउन महिनामा आ-आफ्नो वडा कार्यालयमा गई बुझौं र ढुक्क होऔं ।
- करहरु समयमै बुझाई विकास निर्माणमा सहभागी बनौं ।
- सार्वजनिक स्थल, नदी एवं खोला नालाहरुलाई फोहोर तथा ढल विसर्जन स्थल नबनाऔं ।
- आफ्ना चौपाया छाडा नछाडौं, दुर्घटना न्यूनिकरणमा सहकार्य गरौं ।
- रुख रोपौं वातावरण संरक्षण गरौं, हरियाली बढाऔं ।
- आफ्नो घर तथा पसलबाट निस्कासित फोहोरहरु तोकेको स्थानमा राख्ने गरौं, फोहोरको प्रकृति छुट्याएर विसर्जन गरौं ।

विजयादशमी, शुभ दिपावली तथा छठ पर्व २०८१ को पावन अवसरमा समस्त देशवासी बुबा–आमा, दाजु–भाई, दिदी–बहिनीहरुमा सुख, शान्ति, समृद्धि एवं उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

| थानेश्वर घिमिरे | तारा थारु | ऋषिराम पन्थी |
|---|---|---|
| अध्यक्ष | उपाध्यक्ष | प्रमुख प्रशासकीय अधिकृत |

**सियारी गाउँपालिका परिवार**
गाउँ कार्यपालिकाको कार्यालय
हर्नैया, रुपन्देही

## शुद्धोधन गाउँपालिकाको अनुरोध

- जन्म दर्ता, मृत्यु दर्ता, विवाह दर्ता, सम्बन्ध विच्छेद एवं बसाई सराई जस्ता व्यक्तिगत घटना समयमै दर्ता गरौं ।
- सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुले आफ्नो नाम भत्ता पाउने लिष्टमा छ छैन प्रत्येक साउन महिनामा आ-आफ्नो वडा कार्यालयमा गई बुझौं र ढुक्क होऔं ।
- करहरु समयमै बुझाई विकास निर्माणमा सहभागी बनौं ।
- सार्वजनिक स्थल, नदी एवं खोला नालाहरुलाई फोहोर तथा ढल विसर्जन स्थल नबनाऔं ।
- आफ्ना चौपाया छाडा नछाडौं, दुर्घटना न्यूनिकरणमा सहकार्य गरौं ।
- रुख रोपौं वातावरण संरक्षण गरौं, हरियाली बढाऔं ।
- आफ्नो घर तथा पसलबाट निस्कासित फोहोरहरु तोकेको स्थानमा राख्ने गरौं, फोहोरको प्रकृति छुट्याएर विसर्जन गरौं ।

विजयादशमी, शुभ दिपावली तथा छठ पर्व २०८१ को पावन अवसरमा समस्त देशवासी बुबा–आमा, दाजु–भाई, दिदी–बहिनीहरुमा सुख, शान्ति, समृद्धि एवं उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

| विष्णुप्रसाद बस्याल | शान्तादेवी ज्ञवाली | विष्णुबहादुर घर्ती |
|---|---|---|
| अध्यक्ष | उपाध्यक्ष | प्रमुख प्रशासकीय अधिकृत |

**शुद्धोधन गाउँपालिका परिवार**
गाउँ कार्यपालिकाको कार्यालय
मानपकडी, रुपन्देही

प्रत्येक दिन आयूर्वेद चिकित्सक द्वारा उपचार तथा परामर्श

पायल्स, फिसर, फिस्टुला
क्षारसुत्र विधिद्वारा विशेष उपचार



डा. सन्तोष गौतम
– बरिष्ठ आयुर्वेद चिकित्सक –
२० वर्ष अनुभवी

दिशा गर्दा दुख्ने, रगत आउने, मासु पलाएको, घाउ भएको, पिप बग्ने, चिलाउने, कब्जियत एवम् सम्पूर्ण रोगको सफल उपचार तथा परामर्श

यौन तथा प्रजनन
यौन चाहना नहुने, उत्तेजना नहुने, यौन सन्तुष्टिमा कमि , सिघ्र स्खलन हुने, सेतो पानी बग्ने, महिनावारी गडबडी, तल्लो पेट दुख्ने, यौन अंग चिलाउने, यौन अंगमा घाउ आउने आदि समस्याको गोपनियताको साथ सफल उपचार एवम् परामर्श

अन्य
ग्यास्ट्रिक, अल्सर, पथरी, पिनास, पिसाव पोल्ने, हात खुट्टा झमझमाउने, जोर्नी दुख्ने, बाथ, यूरिक यसिड, कब्जियत आदि रोगको सफल उपचार तथा परामर्श

माता मनकामना आरोग्य केन्द्र
राजमार्ग चौराह, बुटवल (चौराह चोक देखि १०० मि. उत्तर मेन रोड)
०७१-५३८८९३, ९८४७३५२१२७

इट्टा चाहिएमा !

तपाईहरुको शहर भैरहवा बुटवलमा बलियो, भरपर्दो तथा टिकाउ L.B.F. मार्का इट्टा चाहिएमा तुरुन्त सम्पर्क गर्नुहोला ।

LBF मार्का

सम्पर्क: पडसरी-५, ठुटीपिपल, रुपन्देही
फोन: ९८५७०२३३२०, ९८५७०२३९१४, ९८५७०२३८१३ फ्याक्ट्री
नोटः पाल्पा, स्याङ्जा, गुल्मी, अर्घाखाची लगायत अन्य जिल्लाहरुमा पनि ट्रकमा पठाउने व्यवस्था छ ।

ट्वाइलेट सफा गराउनु परेमा
सेफ्टी टंकी, रिङ्ग सफा गर्नु परेमा तथा सेनेटरी सम्बन्धी कुनै पनि काम परेमा हामीलाई सम्पर्क गर्नुहोस्
बुटवल सेनेटरी प्रा. लि.
फोन: ९७४५४०५९७३, ९८०७४०९८५२
मनिषा सेनेटरी, फोन: ९८५११९७९६६, ९८४७१२४१८५
सर्वेस सेनेटरी, फोन: ९८४७०३९१४३, ९८५७०३४३८३
रियुस सेनेटरी, फोन: ९८११४२८७३०
रेसुङ्गा सेनेटरी, फोन: ९८५७०५७०७०

ट्वाइलेट सफा गराउनुहोस्
सुपथ मूल्यमा नगरपालिकाभित्र वा बाहिर काम गर्न र गराउन हामीलाई एकपटक सेवा गर्ने मौका दिनुहोस्
पाल्पाली मगर सेनेटरी
बुटवल–१७, मोतीपुर, रुपन्देही
फोन: ९८६७१२२३५५, ९८१२९६३२२५, ९८२४४७७७७०

ट्वाइलेट सफा गराउनु परेमा
सेफ्टी टंकी, रिङ्ग सफा गर्नु परेमा तथा सेनेटरी सम्बन्धी कुनै पनि काम गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला।
गगन सेनेटरी
बुटवल–८, सुख्खानगर, रुपन्देही
फोन: ९८६७०२१६१४, ९८१५४४७६४८
९८०४४१३२८७, ९८१६४६४१७२

ट्वाइलेट सफा गराउनुहोस्
के तपाइको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, विजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङको बेला पनि सेवा दिइनेछ ।
तिनाउ सेनेटरी
ट्याक्सी रिजर्वको लागि पनि सम्पर्क गर्नुहोला ।
बुटवल–१०, सुख्खानगर, रुपन्देही
फोन: ९८५७०५८८१३, ९८०७१८०८१३

ट्वाइलेट सफा गराउनुहोस्
- तपाईको शहर बुटवल तथा लुम्बिनी अञ्चलमा आधुनिक जापानिज मेसिनद्धारा सेफ्टी ट्यांकीको रिङ्ग भरिएमा १० मिनेटमा सफा गरिन्छ।
- ट्वाइलेट, बाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्धारा १० मिनेटमै सेफ्टी ट्यांकीको रिङ्ग खाली गरिन्छ।

भैरहवा सेनेटरी
बर्मेलीटोल, भैरहवा, रुपन्देही
९८५७०१५७६३, ९८१७५११८३३

न्यु शिव सेनेटरी
पडसरी, ठुटीपिपल, रुपन्देही
९८५७०१५२६३, ९८११९२३९११

# सामुदायिक कुकुरको बन्ध्याकरण

भैरहवा, असोज १९ (मेसस)। विश्व पशु दिवसको अवसर पारेर भैरहवास्थित सिद्धार्थनगर नगरपालिकाले सामुदायिक कुकुरहरुको बन्ध्याकरण एवं रेबिम भ्याक्सिन कार्यक्रम सुरु गरेको छ।

सामुदायमा रहेका छाडा कुकुरको टोकाइबाट लाग्ने रेविज रोगबाट नगरवासीलाई बचाउने र छाडा कुकुर नियन्त्रण गर्ने उद्देश्यले यो कार्यक्रम सञ्चालन गरिएको सिद्धार्थनगर नगरपालिकाका प्रमुख (मेयर) इस्तियाक अहमद खाँनले जानकारी दिए । सामुदायिक कुकरको बन्ध्याकरण र रेविज भ्याक्सिन कार्यक्रम सिद्धार्थनगरले बिगत तिन वर्षदेखि सञ्चालन गर्दै आएको छ । यो कार्यक्रम यसपटक पहिलो चरणमा यही असोज २३ गतेसम्म गरिने र सबै छाडा कुकुरको बन्ध्याकरण र रेविज भ्याक्सिन लगाउन छुटेमा फेरि पनि कार्यक्रम गरिने नगर प्रमुखले बताए। ६ दिनसम्म सञ्चालन हुने यो कार्यक्रममा नगरका टोलटोलमा गएर कुकुरहरु ल्याइने छ।

संकलित कुकुरहरुको बन्ध्याकरण रेबिज भ्यासिकन लगाउने काम हर्ट नेपालका पशु चिकित्सक एवं प्राविधिक टोलीले गर्ने सिद्धार्थनगर नगरपालिकाका कृषि तथा पशुन्छिी शाखा प्रमुख योगेन्द्रप्रसाद यादवले जानकारी दिए। यादवका अनुसार पहिलोदिन आइतबार ५५ वटा कुकुरलाई बन्ध्याकरण गरी रेबिज भ्याक्सिन लगाइएको छ भने कार्यक्रम सञ्चालन अवधिभर २ सय ५० बढी कुकुरको बन्ध्याकरण गर्ने लक्ष्य लिइएको छ।

अफिस बिक्रीमा
क्षेत्रफल: १००० वर्ग फिट
स्थान मिलन चोक बुटवल, रुपन्देही
FEATURES
MULTIFUNCTIONAL SPACES | CENTRALLY LOCATED | EDUCATION INSTITUE SIZE AND LAYOUT
Suitable for Education Consultancy, Training Institute, Computer Institute , Moderate Office
MORE INFORMATION CALL US
9857044735, 9857044736

हार्दिक शुभकामना
विजयादशमी, शुभ दीपावली तथा छठ पर्व-२०८१ को पावन अवसरमा हाम्रा विद्यार्थी, अभिभावक, शिक्षक, कर्मचारी, शुभेच्छुक एवं देशवासी बुबा-आमा, दाजु-भाई, दिदी-बहिनीहरुमा सुख, शान्ति समृद्धि एवं उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
कृष्णगोपाल के.सी. – अध्यक्ष | नारायणप्रसाद पौडेल – प्रिन्सिपल
बुद्धशान्ति इङ्गलिस बोर्डिङ्ग स्कुल परिवार
कपिलवस्तु न.पा.-९, कपिलवस्तु

हार्दिक शुभकामना
विजयादशमी, शुभ दीपावली तथा छठ पर्व-२०८१ को पावन अवसरमा हाम्रा शेयर सदस्य, कर्मचारी, शुभेच्छुक एवं देशवासी बुबा-आमा, दाजु-भाई, दिदी-बहिनीहरुमा सुख, शान्ति समृद्धि एवं उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
ध्यानबहादुर राई – का.वा. अध्यक्ष | ठाकुरप्रसाद गैरे – कोषाध्यक्ष | गोविन्दप्रसाद कंडेल – सचिव
मेहेनती बचत तथा ऋण सहकारी संस्था लि. परिवार
बुटवल-६, रुपन्देही

हार्दिक शुभकामना
विजयादशमी, शुभ दीपावली तथा छठ पर्व-२०८१ को पावन अवसरमा हाम्रा ग्राहकवर्ग, कर्मचारी, शुभेच्छुक एवं देशवासी बुबा-आमा, दाजु-भाई, दिदी-बहिनीहरुमा सुख, शान्ति समृद्धि एवं उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
उज्यालो आशा फर्मिङ एण्ड रिसर्च सेन्टरको आशा डेरी
वाणगंगा-७, बनगाई, कपिलवस्तु
हामीकहा शुद्ध दूध, दही, मही, नौनी, घिऊ, पनिर, मह लगायत सम्पूर्ण कृषि उपज उपलब्ध रहेको सहर्ष जानकारी गराइन्छ ।

हार्दिक शुभकामना
विजयादशमी, शुभ दीपावली तथा छठ पर्व-२०८१ को पावन अवसरमा हाम्रा विद्यार्थी, अभिभावक, शिक्षक, कर्मचारी, शुभेच्छुक एवं देशवासी बुबा-आमा, दाजु-भाई, दिदी-बहिनीहरुमा सुख, शान्ति समृद्धि एवं उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
बसन्तराज खनाल – अध्यक्ष | भोजराज पोखेल – प्रिन्सिपल
पारिजात माध्यमिक विद्यालय परिवार
वाणगंगा-७, वनगाई, कपिलवस्तु

हार्दिक शुभकामना
विजयादशमी, शुभ दीपावली तथा छठ पर्व-२०८१ को पावन अवसरमा हाम्रा शेयर सदस्य, कर्मचारी, शुभेच्छुक एवं देशवासी बुबा-आमा, दाजु-भाई, दिदी-बहिनीहरुमा सुख, शान्ति समृद्धि एवं उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
लक्ष्मण प्रसाद बस्याल – अध्यक्ष | श्याम प्रसाद पाण्डेय – सचिव
एवं
जागरुक बचत तथा ऋण सहकारी संस्था लि. परिवार
बुटवल, रुपन्देही

हार्दिक शुभकामना
विजयादशमी, शुभ दीपावली तथा छठ पर्व-२०८१ को पावन अवसरमा हाम्रा विद्यार्थी, अभिभावक, शिक्षक, कर्मचारी, शुभेच्छुक एवं देशवासी बुबा-आमा, दाजु-भाई, दिदी-बहिनीहरुमा सुख, शान्ति समृद्धि एवं उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
सरोज खनाल – अध्यक्ष | युवराज पोखेल – प्रबन्ध निर्देशक | ठाकुरप्रसाद पोखेल – प्रिन्सिपल
कपिलवस्तु ज्ञानज्योती शिक्षा सदन परिवार
वाणगंगा-६, बैदौली, कपिलवस्तु
हामीकहा प्रविधि तथा कृषि मैत्री तरिकाबाट पठनपाठन हुन्छ।

हार्दिक शुभकामना
विजयादशमी, शुभ दीपावली तथा छठ पर्व-२०८१ को पावन अवसरमा हाम्रा ग्राहकवर्ग, कर्मचारी, शुभेच्छुक एवं देशवासी बुबा-आमा, दाजु-भाई, दिदी-बहिनीहरुमा सुख, शान्ति समृद्धि एवं उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
कुमार तामाङ्ग – संचालक | राजेश तामाङ्ग – म्यानेजिङ्ग डाइरेक्टर
एवं
आर.के.वाच सेन्टर परिवार
बुटवल-६, महेन्द्रपार्क, रुपन्देही

हार्दिक शुभकामना
- ताल संरक्षणमा सबैले हातेमालो गरौं ।
- तालको पर्यावरण बढाऔं ।
- चोरी शिकारी नगरौं ।
- आन्तरिक, बाह्य पाहुनाहरुलाई सम्मान गरौं ।
विजयादशमी, शुभ दीपावली तथा छठ पर्व-२०८१ को पावन अवसरमा हाम्रा कर्मचारी, शुभेच्छुक एवं देशवासी बुबा-आमा, दाजु-भाई, दिदी-बहिनीहरुमा सुख, शान्ति समृद्धि एवं उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
ललितबहादुर गुरुङ्ग – अध्यक्ष | सुन्दर पाण्डे – सचिव
जगदिशपुर जलाशय व्यवस्थापन बहु सरोकार मंच परिवार
कपिलवस्तु न.पा. ९-१०, कपिलवस्तु

रोगबाट बच्ने उपायहरू:
- खाना खानु र खुवाउनु अघि,
- खाना पकाउनु अघि र पछि, बाह्य जुनसुकै वस्तु छोएपछि,
- चर्पी प्रयोग गरेपछि,
- बच्चाको दिशा पिसाब सफा गरेपछि,
- फोहोर कुरा छोएपछि,
साबुन पानीले मिचिमिचि हात धोऔं, रोगबाट बचौं र बचाऔं
नेपाल सरकार
विज्ञापन बोर्ड

हार्दिक शुभकामना
विजयादशमी, शुभ दीपावली तथा छठ पर्व-२०८१ को पावन अवसरमा हाम्रा शेयर सदस्य, कर्मचारी, शुभेच्छुक एवं देशवासी बुबा-आमा, दाजु-भाई, दिदी-बहिनीहरुमा सुख, शान्ति समृद्धि एवं उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
हरि रावल – व्यवस्थापक | राजेन्द्र कार्की – सचिव | परुषोत्तम भक्त प्रधानाङ्ग – अध्यक्ष
मिलिजुली बचत तथा ऋण सहकारी संस्था लि. परिवार
बुटवल-८, सुख्खानगर, रुपन्देही

मेचीकाली सन्देश प्रकाशन प्रा.लि. बुटवलद्वारा प्रकाशित मेचीकाली सन्देश राष्ट्रिय दैनिकका लागि: अध्यक्ष- होमराज बस्याल, प्रधान सम्पादक- बसन्तराज खनाल, कार्यकारी प्रमुख- विष्णु गैरे
प्रधान कार्यालय: बुटवल-९, मिलनचोक, रुपन्देही, फोन: ०७१-५३६००५, ५३१५२१ (प्रशासन/विज्ञापन), ५५४०८८ (सम्पादन), Email:mechikalidaily@gmail.com (News), mechikaliadd@gmail.com (Advt.) Website: www.mechikalinews.com,मुख्य शाखा कार्यालय: भैरहवा फोन: ०७१-५७६१३६